# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ५

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. ५

**<u>वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** वातावरण र विकास बीच सन्तुलन कायम गर्दै विकासको क्रममा प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल प्रभाव र जोखिम कम गर्न तथा वातावरणीय प्रदुषणबाट पीडितलाई क्षतिपुर्ति समेत उपलब्ध गराउन र जलवायु परिवर्तनका सम्भावित चुनौतिको व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको सुनिश्चितताको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**अनुकूलन**" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "**उत्सर्जन**" भन्नाले कुनै स्रोतबाट कुनै निश्चित समयमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) **"कार्यसूची"** भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि गर्नु पर्ने कार्यहरुको विवरण सम्झनु पर्छ।

(घ) "**जलवायु परिवर्तन**" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक वा मानवीय क्रियाकलापका कारणले वायुमण्डलीय बनावटमा हुने फेरबदलबाट पृथ्वीको जलवायुमा हुने परिवर्तन सम्झनु पर्छ।

(ङ) "**जैविक विविधता**" भन्नाले प्राणी र वनस्पतिको विविधता सम्झनु पर्छ र सो शब्दले पारिस्थितिकीय, प्रजातीय तथा आनुवांशिंक विविधतालाई समेत जनाउँछ ।

(च) "**जोखिमपूर्ण पदार्थ**" भन्नाले जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी वासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ ।

(छ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "**न्यूनीकरण**" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(झ) "**परिषद्**" भन्नाले दफा २२ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ञ) "**पूरक प्रारम्भिक वातावरणीय परीक्षण**" भन्नाले एक पटक स्वीकृत भइसकेको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न वा आयोजनाको क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ट) "**पूरक वातावरणीय प्रभाव मूल्याङ्कन**" भन्नाले एकपटक स्वीकृत भईसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको

क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ठ) "**प्रदूषण**" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ड) **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ढ) "**प्रस्तावक**" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने वा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध-सरकारी वा गैर-सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ण) "**प्रारम्भिक वातावरणीय परीक्षण**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(त) "**फोहरमैला**" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(थ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(द) "**वातावरण**" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ध) "**वातावरणीय अध्ययन प्रतिवेदन**" भन्नाले संक्षिप्त वातारणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(न) "**वातावरणीय पार्श्वचित्र**" भन्नाले कुनै निश्चित क्षेत्रको वातावरणीय पक्षहरूको विश्लेषण तथा नक्सांकनको आधारमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(प) "**वातावरणीय प्रभाव मूल्याङ्कन**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(फ) "**वातावरणीय सम्परीक्षण**" भन्नाले प्रस्ताव कार्यान्वयन भएको निश्चित अवधि पछि वा प्रस्ताव कार्यान्वयनको अवधि समाप्त भए पछि वातावरणीय अध्ययन प्रतिवेदनमा प्रक्षेपित प्रभाव र वास्तविक प्रभावहरुको लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ब) "**व्यवस्थापन**" भन्नाले जलवायु परिवर्तनका कारक तत्वको न्यूनीकरण तथा यसको नकारात्मक प्रभावको न्यूनीकरण, सकारात्मक प्रभावको वृद्धि तथा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, विज्ञ व्यवस्था, क्षमता अभवृद्धि लगायतका समष्टिगत कार्य समेतलाई जनाउँछ ।

(भ) "**संक्षिप्त वातावरणीय अध्ययन**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा

न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(म) "**स्थानीय तह**" भन्नाले नगरपालिका वा गाउँपालिकालाई सम्झनु पर्छ।

(य) "**हरीतगृह ग्याँस**" भन्नाले वायूमण्डलको तापक्रम परिवर्तन गर्न सक्ने कण र ग्याँसहरु अथवा तिनको समष्टिगत रुपलाई सम्झनु पर्छ।

(र) "**क्षेत्र निर्धारण**" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु भन्दा पहिले कुनैपनि प्रस्ताव कार्यान्वयनबाट हुने प्रभाव तथा असरहरुका क्षेत्रहरुको विवेचनात्मक दस्तावेज सम्झनु पर्छ।

## परिच्छेद - २
## वातावरणीय अध्ययन प्रतिवेदन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेः** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नु पूर्व तोकिए बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायका निकाय समक्ष पेश गर्नु पर्नेछ।

(क) प्रदेश प्राथमिकता प्राप्त विकास आयोजना, प्रदेश गौरवका आयोजना, प्रदेश लगानी बोर्डबाट स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, प्रचलित कानून बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना, एक भन्दा बढी स्थानीय तहहरुमा संचालन गर्नु पर्ने आयोजना वा प्रदेश सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष ।

(ख) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष ।

(ग) प्रचलित कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा स्थानीय तहको कानूनले तोकेको निकाय समक्ष।

(घ) प्रचलित कानून बमोजिम तोकिएका अन्य प्रस्तावहरूको हकमा सोही बमोजिम ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिका लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पर्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक नपर्ने कार्य वा आयोजना संचालन गर्दा यस दफा बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(५) प्रस्तावकले तोकिएको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(६) वातावरण अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने**: (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावको विकल्पहरु विश्लेषण गर्दा त्यस्ता विकल्पहरु मध्ये

प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव बमोजिमको आयोजना कार्यान्वयन गर्दा विकल्प विश्लेषणबाट प्राप्त भएको सबैभन्दा उत्तम विकल्प कार्यान्वयनको लागि छनौट गर्नु पर्नेछ।

५. **क्षेत्र निर्धारण तथा कार्यसूचीः** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व मन्त्रालयबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्यांकनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **वातावरणीय व्यवस्थापन योजनाः** (१) प्रस्तावकले वातावरणीय अध्ययन गर्दा पाईएका प्रतिकूल प्रभावहरुको न्यूनिकरण तथा नियन्त्रण एवम् अनुकुल प्रभावहरुको प्रबर्द्धन गर्नको लागि प्रस्ताव कार्यान्वयनका चरणहरु अनुसार तोकिए बमोजिम निरीक्षण, अनुगमन तथा सम्परीक्षण व्यवस्था सहितको वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावक आफैले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अर्धवार्षिक र वार्षिक प्रगति विवरण तोकिए बमोजिम पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम संचालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

७. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्नेः** (१) कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

(२) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन पेश गरिएको निकायले जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेः** (१) दफा ७ बमोजिम स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको प्रस्तावको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

(२) दफा ७ बमोजिम स्वीकृत भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको प्रस्तावको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु परेमा वा वन क्षेत्र थप गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

तर पूरक वातावरणीय प्रभाव मूल्याङ्कन पर्याप्त नहुने देखिएमा मन्त्रालयले पुनः वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिन सक्नेछ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रस्तावमा फेरबदलका कारण तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(४) पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **वातावरणीय सम्परीक्षण गर्नुपर्नेः** (१) यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको र कार्यान्वयन तथा संचालनमा आएको दुई वर्ष पुगेको मितिले छ महिना भित्र प्रस्ताव कार्यान्वयनबाट भएको वातावरणीय प्रभावको सम्परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय सम्परीक्षण गर्दा प्रस्तावमा उल्लेख भएका प्रभाव र न्यूनिकरणका उपायहरु पर्याप्त भए नभएको न्यूनिकरण कार्यान्वयनमा आई परेका बाधा व्यवधानहरुको विश्लेषणात्मक अध्ययन गरी सुझाव सहितको वातावरणीय सम्परीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको वातावरणीय सम्परीक्षण प्रतिवेदन अनुसार उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि मन्त्रालयले आदेश दिनेछ र सोको पालना गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१०. **रणनीतिक योजना बनाउन सक्नेः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु अघि त्यसको रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. <u>रोक लगाउन सक्ने:</u>** (१) यस ऐन बमोजिम कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रस्ताव कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको कारणबाट प्रस्तावकलाई हुन जाने क्षति वापत प्रस्तावकले क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम रोक लगाइएकोमा प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार कार्यान्वयन गरेमा रोक्का गर्ने निकायले फुकुवा गर्न सक्नेछ ।

**१२. <u>वातावरणीय पार्श्वचित्र बनाउन सक्ने:</u>** (१) प्रदेश सरकारले प्रदेश भित्रको कुनै क्षेत्र वा स्थानको वातावरणीय अध्ययन तथा विश्लेषण गरी सो क्षेत्रको वातावरणीय पार्श्वचित्र बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय पार्श्वचित्र बनाउँदा अध्ययन क्षेत्रको नक्साङ्कन गर्ने र वातावरणीय वहन क्षमताको अध्ययन गरी सो क्षेत्रमा गर्न सकिने विकास निर्माण कार्य वा आयोजनाको सीमा तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम बनेको वातावरणीय पार्श्वचित्रको सबैले पालना गर्नु पर्नेछ।

(४) पार्श्वचित्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## <u>परिच्छेद - ३</u>

## <u>प्रदूषण नियन्त्रण तथा नियमन</u>

**१३. <u>प्रदूषण नियन्त्रण:</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा फोहरमैला निष्काशन वा उत्सर्जनबाट हुने नकारात्मक प्रभाव न्यूनिकरण वा नियन्त्रण गर्न तथा स्वच्छ र स्वस्थ वातावरण कायम गर्नको लागि जल, माटो, वायुको गुणस्तर कायम गर्न मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको मापदण्ड विपरित कसैले पनि जनजीवन वा वातावरणमा नकारात्मक प्रभाव पार्ने गरी प्रदूषण वा फोहरमैला निष्कासन वा उत्सर्जन गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(३) उपदफा (१) र (२) बमोजिम कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको ठहरेमा मन्त्रालयले सम्बद्ध व्यक्ति, समूह, संस्था वा निकायलाई प्रदूषण न्यूनिकरण वा नियन्त्रण गर्न, निर्देशन दिन, शर्त तोक्न वा प्रदूषण हुन जाने कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) प्रदूषण तथा नकारात्मक प्रभाव नियन्त्रणको लागि मन्त्रालयले कुनै पदार्थ, ईन्धन, औजार, यन्त्र वा उपकरण सम्बन्धी प्रयोग, उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(६) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>वातावरणीय सहुलियत तथा वातावरणीय प्रतीक चिन्हः</u>** (१) प्रदेश सरकारले वातावरण वा जैविक विविधता वा जलवायू परिवर्तन अनुकूलन तथा न्यूनिकरणका पक्षमा सकारात्मक प्रभाव पार्ने उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न सहुलियत वा सुविधा दिन सक्नेछ।

(२) मन्त्रालयले प्रदेश भित्रको औद्योगिक उत्पादनलाई वातावरणीय चिन्ह तथा प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(३) वातावरणीय सहुलियत तथा चिन्ह र प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>वातावरण निरीक्षकः</u>** (१) यस ऐन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको, प्रदूषण नियन्त्रण तथा वातावरण सम्बन्धी मापदण्डको पालना भए नभएको र स्वस्थ तथा स्वच्छ वातावरण कायम भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको कुनै अधिकृत स्तरको कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन पालना भए नभएको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित स्थानीय तहले आफ्नो कुनै कर्मचारीलाई वातावरण निरीक्षक तोक्न सक्नेछ ।

१६. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्यहरु भए नभएको निरीक्षण गर्ने,

(ख) यस ऐन बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय पार्श्वचित्र लगायतका प्रतिवेदन अनुसार कार्यहरु भए नभएको निरीक्षण गर्ने,

(ग) वातावरणीय चिन्ह र प्रमाणपत्र सम्बन्धमा उत्पादन तथा उत्पादन प्रकृया वातावरण मैत्री भए नभएको निरीक्षण गर्ने,

(घ) यस ऐन अनुसार दिइएको निर्देशन, शर्तहरुको पालना भए नभएको निरीक्षण गर्ने,

(ङ) दफा ११ बमोजिम रोक लगाईएको विषय पालना भए नभएको निरीक्षण गर्ने,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित, व्यक्ति, संस्था वा प्रस्तावकलाई जानकारी दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा प्रकृयाको जाँचबुझ गर्न तथा सो सम्बन्धी बयान लिन सक्नेछ ।

(३) वातावरण निरीक्षकले उपदफा (२) बमोजिम जाँचबुझको सिलसिलामा यस ऐन विपरीत भए गरेको कुनै काम कारवाही तुरुन्त रोक्का गर्नु पर्ने भएमा त्यस्तो काम कारवाही रोक्का राखी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम वातावरण निरीक्षकले कुनै काम कारवाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा अवरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँ सम्म,

(ख) निरीक्षणको क्रममा मागेको विवरण वा जानकारी जानी जानी उपलब्ध नगराएमा वा निरीक्षणमा सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँ सम्म ।

(७) उपदफा (६) बमोजिम भएको जरिवानामा चित्त नबुझेमा सम्बन्धित पक्षले मन्त्रालयको सचिव समक्ष पन्ध्र दिन भित्र निवेदन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमको निवेदन उपर मन्त्रालयको सचिवको निर्णय अन्तिम हुनेछ।

(९) यस दफा बमोजिम गरिएको निरीक्षणको प्रतिवेदन मन्त्रालयले तोकेको वातावरण निरीक्षकले मन्त्रालय समक्ष र स्थानीय तहले तोकेको वातावरण निरीक्षकले सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ ।

(१०) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७. <u>नमूना सङ्कलन गर्न दिनु पर्नेः</u>** (१) वातावरण प्रदूषण तथा फोहरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नको लागि आधिकारिक व्यक्ति वा निकायले कुनै उद्योग, यन्त्र, सवारी साधन, उपकरण वा प्रकृयाबाट

उत्सर्जन हुने वा हुन सक्ने पदार्थ तथा जल, वायू वा माटोको नमूना लिन चाहेमा सम्बन्धित धनि वा व्यक्ति वा निकायले नमूना सङ्कलन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलन र सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **प्रयोगशालाः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी नमुना जाँच वा परीक्षण गर्न प्रदेश सरकारले वातावरण प्रयोगशाला स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना नभएसम्म मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कुनै प्रयोगशालामा नमूना जाँच वा परीक्षण गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशाला संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ४
## जलवायू परिवर्तन सम्बन्धी व्यवस्था

१९. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायू परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायू परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्रथमिकता दिनु पर्नेछ ।

२०. **जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापनः** प्रचलित कानून बमोजिम जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापन सम्बन्धमा जारी गरेको आदेश प्रदेश सरकारले कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद - ५
## वातावरण संरक्षण सम्वन्धी व्यवस्था

२१. **वातावरणीय संरक्षण क्षेत्रः** (१) मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले स्वच्छ र स्वस्थ वातावरण कायम गर्न वा कुनै स्थान, धार्मिक र सांस्कृतिक क्षेत्रको वातावरणीय विशेषता संरक्षण गर्न स्थानीय तहको वा प्रदेशको कुनै क्षेत्रलाई वातावरणीय संरक्षण क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा मन्त्रालयले मानवीय क्रियाकलापहरुमा नियन्त्रण गर्न सक्नेछ।

(३) मन्त्रालयले तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी योजना वा कार्यक्रम लागू गर्न सक्नेछ।

(४) प्रदेश सरकारले वातावरणीय प्रदूषणका दृष्टिले जोखिमयुक्त कुनै स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(५) कुनै क्षेत्र वा स्थान विशेषमा वातावरणीय ह्रासका कारण वातावरणमा वा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने सम्भावना देखिएमा त्यस्तो क्षेत्रलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय पूनर्स्थापनाको लागि प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको क्षेत्रमा वातावरणीय दृष्टिले उल्लेखनीय सुधार भएमा त्यस्तो क्षेत्रलाई प्रदूषणयुक्त क्षेत्र र संवेदनशील क्षेत्रबाट हटाउन सक्नेछ ।

(७) वातावरणीय संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **वातावरण संरक्षण परिषद्को गठन** : (१) वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश तथा अन्तर प्रदेश र स्थानीय तहमा प्रभावकारी रुपमा संचालन गर्न एक प्रदेश वातावरण संरक्षण परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:-

(क) मुख्यमन्त्री - अध्यक्ष
(ख) मन्त्री,आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(ग) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
(घ) मन्त्री, उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य
(ङ) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय - सदस्य
(च) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य
(छ) मन्त्री, सामाजिक विकास मन्त्रालय - सदस्य
(ज) प्रदेश सभामा वातावरण विषय हेर्ने समितिको सभापति - सदस्य
(झ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको प्रमुख सचिव - सदस्य
(ञ) फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित स्थानीय तहका प्रमुख वा उपप्रमुख गरी दुई जना - सदस्य
(ट) प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य
(ठ) प्राकृतिक श्रोत व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन विषयमा विज्ञता हासिल गरी सो क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्ये अध्यक्षबाट मनोनित कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(ड) संकटासन्न क्षेत्र र समुदायको प्रतिनिधित्व हुनेगरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित कम्तिमा एकजना महिला सहित तीन जना - सदस्य

(ढ) सचिव, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम अध्यक्षबाट मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

२३. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडी सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

तर आकस्मिक परिस्थितिमा अध्यक्षबाट तत्काल बैठकको आह्वान हुन सक्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को बरिष्ठ सदस्यले गर्नेछ ।

(४) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ सस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) परिषद्को निर्णय परिषद्को सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **परिषद्को काम कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण, जलवायू परिवर्तन तथा विपद् जोखिम सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, जोखिमयूक्त पदार्थ, फोहरमैला व्यवस्थापन, वातावरणीय सम्पदा तथा अन्य क्षेत्रहरुको संरक्षण तथा संबर्द्धनको प्रणाली विकासको लागि नीति तय गर्ने,

(ग) प्रदेशको वातावरण विषयक कार्यहरुमा नेपाल सरकार एवं अन्य प्रदेश, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वय तथा वातावरणीय सम्बन्ध स्थापित गर्न भूमिका निर्वाह गर्ने,

(घ) वातावरण संरक्षण, जलवायू परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनको लागि आर्थिक स्रोतको व्यवस्थापन तथा सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने र

(च) यस ऐन बमोजिम भएका कार्यहरुको मूल्यांकन गर्ने ।

## परिच्छेद - ६
## जरिवाना तथा क्षतिपूर्ति

२५. **जरिवानाः** (१) कसैले देहायको कार्य गरेमा वा गराएमा मन्त्रालयको सचिवले देहाय बमोजिमको जरिवाना गर्नेछ।

(क) दफा ३ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँ सम्म,

(ख) दफा ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँ सम्म,

(ग) दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँ सम्म,

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा मन्त्रालयले त्यस्तो कार्य रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा स्वीकृत गराउन तथा स्वीकृत प्रतिवेदन विपरीत प्रस्ताव कार्यान्वयन गरेमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिएको आदेश कार्यान्वयन गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश कार्यान्वयन नगरेमा मन्त्रालयको सचिवले उपदफा (१) बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै क्रियाकलाप गरेमा मन्त्रालयको सचिवले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिना भित्र यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ र यसरी दिएको आदेश बमोजिम

कार्य नभएमा यस उपदफा बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम दिएको आदेश कार्यान्वयन नभएमा त्यस्तो क्रियाकलापमा बन्देज लगाईनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई मन्त्रालयको सचिवले कालो सूचीमा राख्नेछ ।

(६) उपदफा (५) बमोजिम कालो सूचीमा परेको व्यक्ति वा संस्थाले कालो सूचीमा राखिएको अवधि भर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासंग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(७) यस दफा बमोजिम जरिवाना गर्नु अघि सम्बन्धित पक्षलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहबाट स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन विपरित कार्य भएमा सम्बन्धित स्थानीय तहको कानून नबनेसम्म यस दफा बमोजिम सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारवाही र जरिवाना गर्न सक्नेछ।

तर कालो सूचीमा राख्नु पर्ने भएमा सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

२६. **निवेदन दिन सक्नेः** (१) कसैले यस ऐन विपरीत संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा मन्त्रालय समक्ष जोसुकैले निवेदन दिन सक्नेछ।

(२) कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै

व्यक्ति वा वातावरणमा हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संघ संस्थाले आफूलाई पुग्न गएको क्षति बापत मन्त्रालय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन, जाँचबुझ तथा निरीक्षण गर्दा निवेदकलाई हानी नोक्सानी पुग्न गएको ठहर भएमा पीडित पक्षलाई त्यस्तो हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम हानी नोक्सानी वा क्षति सम्बन्धमा छानबिन एवं निरीक्षण तथा क्षतिपूर्तिको सिफारिस गर्नको लागि मन्त्रालयले तीन जना विज्ञ रहेको समिति गठन गर्न सक्नेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **पुनरावेदन गर्न सकिनेः** (१) दफा २५ बमोजिम भएको कारवाही उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको कारवाही उपर सम्बन्धित जिल्ला अदालतमा र मन्त्रालयको सचिवबाट भएको कारवाही उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा २६ बमोजिम भएको क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ७
## विविध

२८. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको

सम्बन्धमा मन्त्रालयले र आफ्नो क्षेत्र भित्रको वातावरण संरक्षण र संबर्द्धन गर्ने उद्देश्य अनुसार स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ र स्वस्थ वातावरण कायम भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार मातहत निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा अन्य निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३०. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३२. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

प्रमाणीकरण मितिः २०७७/०३/१६

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय